असल संस्कार र समृद्धिका लागि एनएमसी

NMC coop

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## ३४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३।४।२८

संस्थाको सञ्चालक समितिको मिति २०८३ साउन १० गते सम्पन्न ४५ बैठकको निर्णय अनुसार संस्थाको ३४ औं वार्षिक साधारण सभा तपसिल अनुसारको तालिकाबमोजिम एकाइगत आधारमा साथै माइन्युट प्रमाणित सभा समेत सम्पन्न हुने भएको हुँदा सम्पूर्ण सदस्यहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. साधारण सभा प्रयोजनका लागि संस्थाका सम्पूर्ण सदस्यहरूलाई ७ वटा एकाइमा विभाजन गरिएको छ ।

२. साधारण सभा प्रयोजनका लागि प्रत्येक एकाइ अन्तर्गत पर्ने बचत तथा ऋण सेवाकेन्द्रहरूलाई सम्बन्धित एकाइमा कायम गरिएको छ ।

३. निर्धारण गरिएका प्रत्येक एकाइहरूमा समान कार्यसूचीका आधारमा छलफल तथा निर्णय गरिनेछ ।

४. वि.सं. २०८३ असार मसान्तसम्म संस्थामा सदस्य बनिसकेका सदस्यहरुलाई मात्र साधारण सभामा सहभागी गराइनेछ ।

५. प्रत्येक एकाइगत साधारण सभामा संस्थाको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको सहभागिता रहनेछ ।

६. साधारण सभाका लागि तयार गरिएको प्रतिवेदन २०८३ भदौ १८ गते बिहीबार सार्वजनिक गरिनेछ । प्रतिवेदनलाई संस्थाको वेबसाइट र फेसबुक पेजमा अपलोड गरिनेछ । सदस्यहरूलाई गरिएको साधारण सभा सम्बन्धी पत्राचारमा उल्लिखित क्यूआर कोडबाट लिंक स्क्यान गरेर पनि प्रतिवेदन अध्ययन गर्न सकिनेछ ।

७. वार्षिक प्रतिवेदनको प्रिन्टकपी (हार्डकपी) प्राप्तिका लागि नजिकैको बचत तथा ऋण सेवाकेन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

८. संस्थाको तर्फबाट सार्वजनिक प्रतिवेदनमा उल्लिखित कुनै विषयमा आफ्ना सुझावहरू पेस गर्नुपर्ने भए सदस्यहरूले मिति २०८३ असोज १ गते बिहीबार कार्यालय समयसम्ममा आफ्ना सुझाव, जिज्ञासा तथा टिप्पणीहरू लिखित रूपमा नजिकैको एनएमसी बचत तथा ऋण सेवाकेन्द्रमा बुझाउन सकिनेछ ।

९. सुझाव पेस गर्दा सम्बन्धित सेवाकेन्द्र वा संस्थाको आधिकारिक इमेल ठेगाना coporateoffice@nmc.coop.np मा इमेल समेत गर्न सकिनेछ ।

१०. प्रत्येक एकाइहरूमा तपसिलमा उल्लेख भएबमोजिम दिउँसो ११ देखि ३ बजेसम्म साधारण सभाको आयोजना गरिनेछ ।

| मिति | एकाइ | स्थान | एकाइअन्तर्गतका सेवाकेन्द्रहरु |
|---|---|---|---|
| २०८३ असोज ३ गते शनिबार | सताक्षी | दमक | दमक, गौरादह, गौरीगञ्ज, ग्वालडुब्बा, डुडामारी, पाडाजुँगी, केर्खा, बैगुनधुरा, दुधे, शिवगञ्ज, कुञ्जीबारी र चुलाचुली |
| २०८३ असोज ३ गते शनिबार | इलाम | फिक्कल | फिक्कल, नयाँबजार, इलाम बजार र मंगलबारे |
| २०८३ असोज ३ गते शनिबार | मोरङ | बेलबारी | कालिकोशी, उर्लाबारी, दाम्राभिट्टा, बेलबारी, विराटचोक, लेटाङ, रंगेली र बुढीगंगा |
| २०८३ असोज ४ गते आइतबार | मेची-केचना १ | धुलाबारी | काँकरभिट्टा, ईंटाभट्टा, धुलाबारी, खुट्टेडागी, बाहुनडाँगी, बौद्धमोड, चारआली, शान्तिनगर र बुधबारे |
| २०८३ असोज ४ गते आइतबार | मेची-केचना २ | चन्द्रगढी | चन्द्रगढी, भद्रपुर, सगरमाथा, बनियानी र पथरीया |
| २०८३ असोज ४ गते आइतबार | विराट १ | बिर्तामोड | बिर्तामोड, शनिश्चरे, महानन्द चोक, चारपाने, सैनिकमोड, खुदुनावारी, बुट्टावारी, सैनिक बजार, गोलधाप, बडाबारी र गरामनी |
| २०८३ असोज ४ गते आइतबार | विराट २ | सुरुङ्गा | सुरुंगा, शरणामती, झापाबजार, दुर्गापुर, लक्ष्मीपुर, घैलाडुब्बा र राजगढ र दानावारी |

११. एकाइगत साधारण सभा सञ्चालन हुने स्थान सेवाकेन्द्रबाट वितरण गरिने निमन्त्रणा पत्रमा उल्लेख गरिने छ ।

१२. एकाइगत साधारण सभाबाट माइन्युट प्रमाणितका लागि छानिएका प्रतिनिधिका बिचमा २०८३ असोज १० गते शनिबार बिर्तामोडमा बिहान ११ देखि दिउँसो ३ बजेसम्म माइन्युट प्रमाणित सभाको आयोजना गरिनेछ ।

१३. एकाइगत साधारण सभामा सहभागिताका लागि प्रत्येक सेवाकेन्द्रबाट सदस्यहरूलाई पत्राचार गरिने छ । कारणवश पत्र प्राप्त हुन नसकेमा यसै सूचनालाई आधार मानी आआफ्नो एकाइको साधारण सभामा सहभागिताका लागि सदस्यमा अनुरोध गरिन्छ ।

- कर्पोरेट कार्यालय